नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
# सार्वजनिक खरिद अनुगमन कार्यालय
तहबिल, काठमाडौं, नेपाल

पत्र सं.:- ०७४/७५
च.नं. ४९६

मिति २०७४।०५।२३

**विषय : परिपत्र गरिएको बारे ।**

श्री ....सबै ...मन्त्रालय/निकाय/सचिवालय/आयोग/कार्यालय
..............................................।

उपरोक्त विषयमा सार्वजनिक निकायहरुले गर्ने सार्वजनिक खरिदको सिलसिलामा निम्न विषयहरुमा द्विविधा भई यस कार्यालयमा विभिन्न सार्वजनिक निकायहरुबाट राय परामर्श माग गरिएको र यस विषयमा अझै अस्पष्ट रहेको देखिएकाले निम्नानुसार गर्ने गरी मिति २०७४।०५।२३ मा सचिवस्तरीय निर्णय भएकोले निर्णयानुसार हुन सबै मातहत निकायहरुलाई जानकारी गराई दिन समेत अनुरोध छ ।

**द्विविधा स्पष्ट गरिएको विषय**

१) बोलपत्रदाताहरुले बोलपत्र पेश गर्दा बोलपत्रमा उल्लेख गरेको रकम अङ्कमा मात्र उल्लेख गर्ने अक्षरमा उल्लेख नगरेको अवस्थामा के गर्ने भन्ने राय परामर्श माग गर्ने गरेको विषयलाई दृष्टिगत गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (९) मा बोलपत्रदाताले बोलपत्रमा उल्लेख गरेको रकम अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको रकम मान्य हुनेछ भन्ने प्रष्ट उल्लेख गरेको हुँदा सार्वजनिक खरिद ऐनको उक्तदफाको आशय अङ्क र अक्षर दुबै उल्लेख हुनु पर्ने भन्ने रहेको ।

२) Key Activities मा Production Rates गणना गर्ने सम्बन्धमा हाल यस कार्यालयबाट जारी भएका Procurement of Works, Standard Bid Document को 2. Qualification Criteria 2.4 Experience, 2.4.2 Specific Construction Experince को 2.4.2 (b) Construction Experince in key Activies मा Production Rate(s) गणना गर्दा Multiple Contracts लाई गणना गर्ने ।

२०७४।५।२३
शंकरकृष्ण श्रेष्ठ
(निर्देशक)

**बोधार्थ :**
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं
श्री महालेखा परिक्षकको विभाग, बवरमहल, काठमाडा
श्री महालेखा नियन्त्रकको कार्यालय, अनामनगर, काठमाडौं